# जिरी नगरपालिकाको

## आर्थिक ऐन, २०७६

**नगरसभाबाट स्वीकृति भएको मिति २०७६।०३।११**

**जिरी नगरपालिका**

**दोलखा**

**३ नं. प्रदेश, नेपाल**

जिरी नगरपालिका

## आर्थिक वर्ष २०७६/०७७ को लागि स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने, तथा आय संकलनको प्रशासनीक व्यवस्था गर्न बनेको

## ऐन,

**प्रस्तावना :** जिरी नगरपालिकाको आर्थिक वर्ष २०७६/०७७ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम नगर सभाले यो ऐन बनाई लागु गरेको छ।

नगर सभाबाट स्वीकृति मिति २०७६।०३।११ गते

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७६" रहेको छ।

(२) यो ऐन सम्वत २०७६ साल श्रावण १ गतेदेखि जिरी नगरपालिका क्षेत्रमा लागू हुनेछ।

२. **सम्पति कर :** (१) नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाको स्वामित्वमा रहेको घर र सो घरले चर्चेको जग्गामा सम्पत्ति कर लगाई बाँकी जग्गामा दफा ३ बमोजिम मालपोत लगाइनेछ।

**स्पष्टीकरण :** यस दफाको प्रयोजनको लागि "घरले चर्चेको जग्गा" भन्नाले घरले ओगटेको जग्गाको क्षेत्रफल र अधिकतम सो क्षेत्रफल बराबरको थप जग्गासम्म सम्झनु पर्छ।

(२) उपदफा (१) बमोजिम लगाइने सम्पत्ति करको दर अनुसूची (१) मा उल्लेख भएबमोजिम हुनेछ। सम्बन्धित आ.ब.को सम्पत्तिकर पहिलो चौमासकभित्र बुझाएमा लाग्ने कर रकममा १० प्रतिशत छुट दिईनेछ।

अघिल्लो आ.ब.को बक्यौता सम्पत्तिकर चालु आ.ब. को पहिलो चौमासिकभित्र बुझाएमा १० प्रतिशत मात्र जरिवाना लगाई असुल गरिनेछ। त्यसभन्दा पछि बुझाएमा २० प्रतिशत जरिवाना लाग्नेछ। विगत आ.ब.हरुको कर रकममा बार्षिक २० प्रतिशतका दरले जरिवाना लगाईने र असुल उपर गरिनेछ।

३. **मालपोत :** दफा २ बमोजिम घर र सो ले चर्चेको जग्गा बाहेक बाँकी जग्गामा अनुसूची २ बमोजिमको दरमा मालपोत लगाई असुल गरिनेछ।

४. **घर जग्गा बहाल कर:** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले घर, पसल, ग्यारेज, गोदाम, टहरा, सेड, कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तबरले बहालमा दिएकोमा सो संरचना व्यवसायिक प्रयोग भएको भए बहाल रकमको १०% र आवासीय रुपमा प्रयोग भएको भए बहाल रकमको ५% का दरले बहाल कर लगाई असुल गरिनेछ।

५. **व्यवसाय कर:** (१) नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ।

(२) उपदफा (१) बमोजिम व्यापार, व्यवसाय तथा सेवा संचालन गर्न चाहने व्यक्ति वा संस्थालाई व्यवसाय दर्ता गरी व्यवसाय इजाजत प्रदान गरिनेछ। इजाजत प्राप्त व्यवसायीहरुले वार्षिक रुपमा व्यवसाय कर चुक्ता गरी व्यवसाय नविकरण गर्नु पर्नेछ।

जिरी नगरपालिका

(३) उपदफा (२) बमोजिम प्रदान गरिने व्यवसाय दर्ता दस्तुर तथा नविकरण दस्तुर र ब्यवसाय करको दर ब्यापार, ब्यवसाय तथा सेवा संचालन गर्न लाग्ने लगानीको आधारमा अनुसूची (३) मा तोकिए बमोजिम हुनेछ ।

(४) उपदफा (२) बमोजिमको इजाजत विना नगरपालिका क्षेत्रभित्र कुनै पनि ब्यापार, ब्यवसाय तथा सेवा संचालन गर्न पाईने छैन ।

(५) यस दफा बमोजिमको कर उठाउनका लागि आवश्यक पर्ने कार्यविधि नगर कार्यपालिकाले स्वीकृत गरी लागु गर्न सक्नेछ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु करः** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरे वापत अनसूची (४) बमोजिम जडिबुटी, कवाडी तथा जीवजन्तुकर लगाइने र असूल उपर गरिनेछ ।

७. **विज्ञापन करः** (१) नगरपालिका क्षेत्रभित्र हुने विज्ञापन, प्रचारप्रसार आदिका लागि राख्न दिने साइनबोर्ड, ग्लोबोर्ड, स्टल आदिमा अनुसूची (५) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको कर उठाउनका लागि आवश्यक पर्ने कार्यविधि नगर कार्यपालिकाले स्वीकृत गरी लागु गर्न सक्नेछ ।

(३) यस दफा बमोजिम नगरपालिकाले उठाएको विज्ञापन कर बापतको रकम प्रचलित संघीय र प्रदेश कानून बमोजिम प्रदेश नं. ३ संग बाँडफाँड गरिनेछ ।

८. **बहाल बिटौरी शुल्कः** (१) नगरपालिकाले आफुले निर्माण, रेखदेख वा संचालन गरेका देहाय बमोजिमका सम्पत्तिहरुमा अनुसूची (६) बमोजिमको दरमा वहाल विटौरी शुल्क लगाउन र उठाउनेछ ।

(क) आफुले निर्माण गरेका वा आफ्नो स्वामित्वमा रहेका भवन, जग्गा वा अन्य सम्पत्ति,

(ख) आफ्नो रेखदेखमा रहेको सार्वजनिक स्थल, ऐलानी जग्गा वा बाटोको छेउको जग्गामा भएका अस्थाई टहरा, छाप्रा वा पसल वा आवास,

(ग) नगरपालिकाले तोकेको सार्वजनिक स्थल, हाटबजार, मेला, जात्रा आदिमा थापेका पसल,

९. **सेवा शुल्क, दस्तुरः** (१)नगरपालिका ले आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका वा हुँने केबलकार, ट्रेकिङ्ग, प्याराग्लाइडिङ्ग लगायतका स्थानीय पर्यटन, मनोरञ्जन तथा साहसिक खेलकुद सम्बन्धी सेवा वा व्यवसायमा सेवा शुल्क लगाइने र असूल उपर गरिनेछ ।

(२) नगरपालिकाले निर्माण वा संचालन तथा व्यवस्थापन गरेका स्थानीय पूर्वाधार वा उपलब्ध गराएको देहायको कुनै सेवा उपयोग गरे बापत सम्बन्धित सेवा प्रदायक तथा सेवाग्राहीलाई सेवा शुल्क, दस्तुर लगाइने र असूल उपर गरिनेछ :

(क) फोहोरमैला व्यबस्थापन, सरसफाई, ढल निकास, सडक बत्ती जस्ता सेवा सुविधा,

(ख) शौचालय, पार्क, पौडी पोखरी, गेष्टहाउस, पर्यटकीय स्थल, छात्रावास, हाटबजार, पशु बधशाला, शबदाहगृह र त्यस्तै अन्य सुविधा,

(ग) सडक, बस पार्क, ढल, पुल जस्ता सेवा,

(घ) अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्याङ्कन सम्बन्धी सेवा,

(ङ) नगरपालिका ले प्रदान गर्ने सिफारिश सम्बन्धी कुनै सेवा,

(३) नगरपालिका ले एफ.एम. रेडियो, "घ" बर्गको निर्माण व्यबसायी इजाजत, विद्यालय स्थापना, ट्युसन तथा कोचिङ्ग सेन्टर, औषधी पसल्, स्थानीय व्यापारिक फर्मको दर्ता, अनुमति, नविकरण तथा नियमन आदि सेवामा सेवा शुल्क दस्तुर तोकी लगाइने र उठाइनेछ ।

(४) दफा (१), (२) र (३) बमोजिम लगाइने सेवा शुल्क, दस्तुरको दर अनुसूची (७) मा उल्लेख भएबमोजिम हुनेछ ।

**१०. विक्री तथा निकासी शुल्क :** (१) नगरपालिकाले आफ्नो स्वामित्वमा रहेको सम्पत्ति वा आफ्नो रेखदेखमा रहेको सार्वजनिक स्थलवाट उत्पादन हुने ढुंगा, गिट्टी, बालुवा, माटो, काठ दाउरा, जराजुरी, स्लेट आदि प्राकृतिक एवं खानीजन्य वस्तुहरुको विक्री गर्न सक्नेछ ।

व्यक्तिगत स्वामित्वमा रहेको जग्गाबाट ढुंगा, गिट्टी, बालुवा, माटो आदिको व्यावसायिक उत्पादन गरि गरिने विक्रि वितरण सम्बन्धमा कार्यपालिकाले कार्यविधि बनाई शुल्क लगाई असुल उपर गर्न र नियमन गर्न सक्नेछ ।

(२) नगरपालिकाले आफ्नो क्षेत्रभित्र उत्पादन भै आफ्नो सिमा क्षेत्रभन्दा बाहिर निकासी हुने ढुंगा, गिट्टी, बालुवा, माटो, काठ दाउरा, जराजुरी, स्लेट आदि प्राकृतिक एवं खानीजन्य वस्तुको वाह्य निकासीमा निकासी शुल्क लगाउन सक्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम नगरपालिकाले गर्ने विक्रीको दर अनुसूची (८) मा तोकिए बमोजिम हुनेछ ।

(४) नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक तथा ऐलानी जग्गामा रहेका काठ, दाउरा, जराजुरी, दहत्तर बहत्तर प्रचलित कानून बमोजिम मूल्यांकन गराई विक्रि गर्न सक्नेछ ।

(५) कार्यपालिकाले आफ्नो प्रयोगमा नआउने पुराना र काम नलाग्ने वस्तु, उपकरण तथा सामानहरु लिलामविक्री गर्न सक्नेछ ।

(६) कार्यपालिकाले नागरिकको सुविधाको लागि विभिन्न फाराम तथा पुस्तकहरु वा अन्य सेवा विक्री गर्न सक्नेछ ।

(७) उपदफा (१) बमोजिमका वस्तुहरु विक्री तथा उपदफा (२) बमोजिमको निकासी शुल्क असूलीका लागि विक्री तथा निकासीको परिमाण तथा दर निर्धारण गरी वोलपत्र, दरभाउ पत्र वा डाँक बढावढको माध्यमवाट समेत गर्न सक्नेछ ।

**११. नक्सापास दस्तुर** : नगरक्षेत्रभित्र निर्माण गरिने भवनको नक्सापास दस्तुर अनुसूची (९) बमोजिम लगाईने र असुल उपर गरिनेछ ।

**१२. दण्ड जरिवाना :** (१) नगरपालिकाले निर्धारण गरेको कर, शुल्क तथा महसुल तोकिएको समयमा भुक्तानी नगरेमा यस ऐनमा वा अन्य सम्बन्धित कानूनमा दर तोकिएकोमा सोही बमोजिम र नतोकिएकोमा कार्यपालिकाबाट निर्धारित दरमा जरीवाना सहित बक्यौता असुल गर्नेछ ।

(२) नगरपालिकाले उपदफा (१) बाहेक प्रचलित कानून पालना नगरेको कसूरमा लगाउने अन्य दण्ड जरिवाना रकम सम्बन्धित कानुनमा तोकिए बमोजिम हुनेछ ।

१३. **कर छुट :** (१) दफा २ मा भएको व्यवस्था बाहेक बार्षिक रुपमा तिर्नुपर्ने राजश्व सोही आर्थिक बर्षको पहिलो चौमासिक भित्र र मासिक रुपमा तिर्नुपर्ने राजश्वको हकमा महिना समाप्त भएको सात दिनभित्र बुझाउने करदातालाई नियमानुसार लाग्ने राजश्वको क्रमशः दश र पाँच प्रतिशत छुट दिइनेछ ।

(२) विपद् वा अन्य यस्तै प्रकृतिका विशेष परिस्थितिको कारणले करदाताहरुले कर भुक्तानी गर्न नसक्ने अवस्था आएमा सोको स्पष्ट कारण खुलाई नगरसभाको निर्णय बमोजिम कर वा जरिवाना छुट दिन सकिनेछ ।

(३) कानूनमा व्यवस्था भएको अवस्थामा वाहेक नगरपालिकाको कुनै निकाय वा अधिकारीले कुनै प्रकारको कर, शुल्क, महसुल, दण्ड, जरिवाना छुट दिन पाउने छैन ।

तर स्थानीय आर्थिक कृयाकलापमा उल्लेखनीय योगदान पुर्‍याउने किसिमका उद्योग व्यबसायमा निश्चित अवधीसम्म सभाले बनाएको कानून बमोजिम कर, दस्तुर, शुल्क छुट दिन बाधा पर्ने छैन ।

१४. **प्रशासकीय पुनरावलोकन र पुनरावेदन :** (१) नगरपालिकाले गरेको कर, शुल्क, महसुल, दण्ड, जरिवाना सम्बन्धी निर्णयमा चित्त नबुझेमा करदाताले नगरपालिकामा प्रशासकीय पुनरावलोकनको लागि निबेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम परेको निबेदन उपर प्रशासकीय पुनरावलोकनको लागि कार्यपालिकाले प्रमुखको अध्यक्षतामा सम्बन्धित विषय विज्ञ समेत रहने गरी तीन सदस्यीय राजश्व प्रशासकीय पुनरावलोकन समिति गठन गर्नेछ । यस्तो समितिमा कर निर्धारणमा सम्लग्न पदाधिकारी वा कर्मचारीको सहभागिता रहने छैन ।

(३) उपदफा (१) बमोजिम पुनरालोकनको लागि प्राप्त भएको निवेदन उपर पैतिस दिनभित्र छानविन तथा निर्णय गरी सम्वन्धित ब्यक्तिलाई निर्णयको जानकारी दिनु पर्नेछ ।

(४) नगरपालिकाले तोकिएको समयमा यस दफा बमोजिम प्रशासकीय पुनरावलोकन नगरेको कारणले करदालाई थप आर्थिक भार पर्न गई हानी नोक्सानी पर्न गएमा नगरपालिकाले त्यसको क्षतिपुर्ति दिनु पर्दछ ।

१५. **ठेक्का आह्वान गर्न सक्ने :** (१) यस ऐन बमोजिम संकलन गर्ने सेवा शुल्क र दस्तुर कार्यपालिकाले आवश्यकता अनुसार एक आर्थिक वर्ष वा आवश्यकता अनुसार सो भन्दा बढिको लागि आय ठेक्का बन्दोवस्त गरी संकलन गर्नसक्नेछ ।

(२) यस दफा बमोजिमको आय ठेक्का दिदा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्बर वा मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीले मात्र प्रतिस्पर्धा गर्ने गरी व्यबस्था मिलाउनु पर्नेछ ।

(३) नगरपालिकाले सामान्यतया आर्थिक वर्ष शुरु हुनुभन्दा अगावै ठेक्का बन्दोवस्त गरी ठेक्का सम्झौता कार्य सम्पन्न गरिसक्नु पर्नेछ ।

१६. **सहयोग गर्नुपर्ने :** संघीय तथा प्रदेश सरकारका कार्यालयहरुले नगरपालिकाको राजस्व असुली कार्यमा आवश्यक सहयोग उपलब्ध गराउनु पर्नेछ ।

शिवनगरपालिका

१७. **प्रगतिशील कर प्रणाली अवलम्बन गरिने :** नगरपालिकाले करको दर निर्धारण गर्दा गरिब तथा विपन्न वर्गलाई कम बोझ पर्ने गरी प्रगतिशील कर प्रणाली अवलम्बन गर्नुपर्नेछ ।

१८. **साझेदारी गर्न सक्ने :** नगरपालिकाले संकलन गर्ने कर, सेवा शुल्क वा दस्तुर संकलन गर्न कुनै उपयुक्त सस्थासंग साझेदारी गर्दा संकलन कार्य प्रभावकारी र मितव्ययि हुँने देखिएमा कार्यपालिकाले निर्णय गरि कार्यविधि बनाई साझेदारीमा गर्न सक्नेछ ।

१९. **कार्यविधि बनाउन सक्ने :** (१) ऐनको उद्देश्य कार्यान्वयन गर्नको लागि नगरपालिकाले आवश्यक कार्यविधि वा निर्देशिका बनाई लागु गर्न सक्नेछ ।

(२) विभिन्न अनुसूचीमा उल्लेख भएको कर दस्तुर, सेवा शुल्क वा दण्ड जरिवाना आदीमा कुनै शीर्षक छुट्न गएको अवस्थामा कार्यपालिकाले निर्णय गरि त्यस्तो शिर्षक थप गर्न तथा कर, दस्तुर, सेवाशुल्क निर्धारण गरि असुल उपर गर्न सक्नेछ ।

२०. **प्रचलित कानुन बमोजिम हुने :** यस ऐनमा उल्लेख गरिएका बिषयहरुमा यसै बमोजिम र उल्लेख नगरिएका बिषयमा प्रचलित कानुनमा व्यवस्था भए बमोजिम हुनेछ ।

जिरी नगरपालिका

## अनुसुचि (१)

### (ऐनको दफा २ को उपदफा २ वमोजिम)

## १ .सम्पत्ति करको दर

| क्र.सं. | विवरण | दर रु.(सम्पत्ति ) | कैफियत |
|---|---|---|---|
| १. | रु. १ देखि रु. २ लाखसम्म | ५०।०० | |
| २. | रु. २ लाख १ देखि रु. ३ लाखसम्म | ७०।०० | |
| ३. | रु. ३ लाख १ देखि रु. ४ लाखसम्म | ९०।०० | |
| ४. | रु. ४ लाख १ देखि रु. ५ लाखसम्म | ११०।०० | |
| ५. | रु. ५ लाख १ देखि रु. ६ लाखसम्म | १४०।०० | |
| ६. | रु. ६ लाख १ देखि रु. ७ लाखसम्म | १७०।०० | |
| ७. | रु. ७ लाख १ देखि रु. ८ लाखसम्म | २००।०० | |
| ८. | रु. ८ लाख १ देखि रु. ९ लाखसम्म | २३०।०० | |
| ९. | रु. ९ लाख १ देखि रु. १० लाखसम्म | २६०।०० | |
| १०. | रु. १० लाख १ देखि रु. १२ लाखसम्म | ३००।०० | |
| ११. | रु. १२ लाख १ देखि रु. १४ लाखसम्म | ३४०।०० | |
| १२. | रु. १४ लाख १ देखि रु. १६ लाखसम्म | ३८०।०० | |
| १३. | रु. १६ लाख १ देखि रु. १८ लाखसम्म | ४२०।०० | |
| १४. | रु. १८ लाख १ देखि रु. २० लाखसम्म | ४६०।०० | |
| १५. | रु. २० लाख १ देखि रु. २२ लाखसम्म | ५२०।०० | |
| १६. | रु. २२ लाख १ देखि रु. २४ लाखसम्म | ५८०।०० | |
| १७. | रु. २४ लाख १ देखि रु. २६ लाखसम्म | ६४०।०० | |
| १८. | रु. २६ लाख १ देखि रु. २८ लाखसम्म | ७००।०० | |
| १९. | रु. २८ लाख १ देखि रु. ३० लाखसम्म | ७६०।०० | |
| २०. | रु. ३० लाख १ देखि रु. ३४ लाखसम्म | ८६०।०० | |
| २१. | रु. ३४ लाख १ देखि रु. ३८ लाखसम्म | ९६०।०० | |
| २२. | रु. ३८ लाख १ देखि रु. ४२ लाखसम्म | १०६०।०० | |
| २३. | रु. ४२ लाख १ देखि रु. ४६ लाखसम्म | १२६०।०० | |
| २४. | रु. ४६ लाख १ देखि रु. ५० लाखसम्म | १३६०।०० | |
| २५. | रु. ५० लाख १ देखि रु. ६० लाखसम्म | १६००।०० | |
| २६. | रु. ६० लाख १ देखि रु. ७० लाखसम्म | १९००।०० | |
| २७. | रु. ७० लाख १ देखि रु. ८० लाखसम्म | २२००।०० | |
| २८. | रु. ८० लाख १ देखि रु. ९० लाखसम्म | २५००।०० | |
| २९. | रु. ९० लाख १ देखि रु. १ करोडसम्म | २८००।०० | |
| ३०. | रु. १ करोड १ देखि रु. १ करोड २० लाखसम्म | ३५००।०० | |
| ३१. | रु. १ करोड २० लाख १ देखि रु. १ करोड ६० लाखसम्म | ६०००।०० | |
| ३२. | रु. १ करोड ६० लाख १ देखि रु. २ करोडसम्म | १००००।०० | |
| ३३. | रु. २ करोड १ देखि रु. २ करोड २० लाखसम्म | १४०००।०० | |
| ३४. | रु. २ करोड २० लाख १ देखि रु. २ करोड ७० लाखसम्म | १८०००।०० | |

| क.सं. | विवरण | दर रु.(सम्पत्ति ) | कैफियत |
|---|---|---|---|
| ३५. | रु. २ करोड ७० लाख १ देखि रु. ३ करोड ३० लाखसम्म | २२०००।०० | |
| ३६. | रु. ३ करोड ३० लाख १ देखि रु. ४ करोडसम्म | २६०००।०० | |
| ३७. | रु. ४ करोड १ देखि रु. ४ करोड ५० लाखसम्म | ३००००।०० | |
| ३८. | रु. ४ करोड ५० लाख १ देखि रु. ५ करोडसम्म | ३५०००।०० | |
| ३९. | रु. ५ करोड १ देखि माथि जति भए पनि प्रति हजार रु. २ रुपैयाका दरले सम्पत्ति कर लाग्ने | | |

**२.** उल्लेखित बमोजिमको कर योग्य रकम गणना गर्दा देहायको मूल्यांकन दर अनुसार गरिनेछ ।

**क.सडकले छोएको क्षेत्र**

| | | देखि | सम्म | विवरण | मूल्याङ्कन (प्रति रोपनी) रु. |
|---|---|---|---|---|---|
| १. | लामोसाँगु - जिरी सडक | खावा डाँडा बजारक्षेत्र वडा नं. ७ | वडा नं. ७ | मुल सडकले छोएको कित्ता | १५लाख |
| | | बजारक्षेत्र सकिएपछि ( वडा नं. ७) | जेम एकेडेमी छुट्ने सडक ( वडा नं. ६) | मुल सडकले छोएको कित्ता | ५लाख |
| | | जेम एकेडेमी छुट्ने सडक ( वडा नं. ६) | अस्तला छुट्ने सडक ( वडा नं. ६) | मुल सडकले छोएको कित्ता | २० लाख |
| | | अस्तला छुट्ने सडक ( वडा नं. ६) | वडा न ६ को सिमाना | मुल सडकले छोएको कित्ता | १० लाख |
| | | वडा न ६ को सिमाना | लिंकन बसपार्क ( वडा नं. ५) | मुल सडकले छोएको कित्ता | ७० लाख |
| | जिरी खिम्ती सडक | बस पार्क (वडा नं. ५) | खिम्ती खोला (वडा नं. ४) | मुल सडकले छोएको कित्ता | ३ लाख |
| २. | जिरी माली श्यामा सडक | डम्पिङ साइड (वडा नं. ४) | स्टोन पाक (वडा नं. १) | मुल सडकले छोएको कित्ता | कुथामे डाँडा सम्म ३ बाँकि २ लाख |
| ३. | खावा डाँडा लहरेमाने सडक | खावा डाँडा (वडा नं. ७) | चिपचिपे छुट्ने सडक (वडा नं. ९) | मुल सडकले छोएको कित्ता | १० लाख |
| | | चिपचिपे छुट्ने सडक(वडा नं. ९) | हाँवाको सिमाना (वडा नं. ९) | मुल सडकले छोएको कित्ता | ३ लाख |
| ४. | हाटडाँड पुरानो गाँउ सडक | हाटडाँड (वडा नं. ६) | हाँवाको सिमाना (वडा नं. ९) | मुल सडकले छोएको कित्ता | ५ लाख |
| ५. | हाटडाँडा बजार क्षेत्र(वडा नं. ६) | | | | ८ लाख |

जिरी नगरपालिका

| | | देखि | सम्म | विवरण | मूल्याङ्कन (प्रति रोपनी) रु. |
|---|---|---|---|---|---|
| ६. | हाटडाँडा माथिल्लो सिक्री सडक | हाटडाँड (वडा नं. ६) | ठुकडाँडा (वडा नं. ७) | मुल सडकले छोएको कित्ता | ३ लाख |
| ७. | लिङकन सेराकाप्ती सडक | मुल सडक बाट बौध स्तुपा ,झोलुङगे पुल र फ्रेण्डसिपको सभाहल (वडा नं. ५) | | मुल सडकले छोएको कित्ता | २० लाख |
| | | झोलुङगे पुल र फ्रेण्डसिपको सभाहल(वडा नं. ५) | आरन डाँडा(वडा नं. ५) | मुल सडकले छोएको कित्ता | १० लाख |
| | | आरन डाँडा(वडा नं. ५) | ल्होसा गुम्बा(वडा नं. ५) | मुल सडकले छोएको कित्ता | ७ लाख |

**'क' मा उल्लेखित बाहेकका बाँकी क्षेत्र :**

| क.स. | ठेगाना | जग्गा | |
|---|---|---|---|
| | | क्षेत्र | मूल्याङ्कन (प्रति रोपनी) रु. |
| १. | जि न.पा. वडा नं. १ | आवादी/कृषि क्षेत्र | रु. १ लाख |
| | | बाँझो/पाखावारी | रु. ५० हजार |
| २. | जि न.पा. वडा नं. २ | आवादी/कृषि क्षेत्र | रु. १ लाख |
| | | बाँझो/पाखावारी | रु. ५० हजार |
| ३. | जि.न.पा. वडा नं. ३ | आवादी/कृषि क्षेत्र | रु. १ लाख |
| | | बाँझो/पाखावारी | रु. ८० हजार |
| ४. | जि.न.पा. वडा नं. ४ | आवादी/कृषि क्षेत्र | रु. ३ लाख |
| | | बाँझो/पाखावारी | रु. १ लाख |
| ५. | जि .न.पा. वडा नं. ५ | आवादी/कृषि क्षेत्र | रु. ५ लाख |
| | | बाँझो/पाखावारी | रु. १५० हजार |
| ६. | जि न.पा. वडा नं. ६ | आवादी/कृषि क्षेत्र | रु. ३ लाख |
| | | बाँझो/पाखावारी | रु. १ लाख |
| ७. | जि न.पा. वडा नं. ७ | आवादी/कृषि क्षेत्र | रु. ३ लाख |
| | | बाँझो/पाखावारी | रु. १ लाख |
| ८. | जि न.पा. वडा नं. ८ | आवादी/कृषि क्षेत्र | रु. २ लाख |
| | | बाँझो/पाखावारी | रु. ८० हजार |
| ९. | जि न.पा. वडा नं. ९ | आवादी/कृषि क्षेत्र | रु. २ लाख |
| | | बाँझो/पाखावारी | रु. ८० हजार |

जिरी नगरपालिका

**सम्पत्ति कर संकलन प्रयोजनको लागि**

**ख .घरको मूल्याङ्कन :**

| क्र.स. | घरको वर्गीकरण/बनोट | दर (प्रति वर्गफिट) रु. | कैफियत |
|---|---|---|---|
| १. | काठ/जस्ताको बार र जस्ताको छानो | १०० | |
| २. | ढुङ्गा माटोको गाह्रो र जस्ताको छानो | २५० | |
| ३. | ढुङ्गा र सिमेन्ट जोडाइको गाह्रो र जस्ताको छानो | ३५० | |
| ४. | ईटा र सिमेन्ट जोडाइको गाह्रो र जस्ताको छानो | ३५० | |
| ५. | ब्लक जोडाइको गाह्रो र जस्ताको छानो | ३५० | |
| ६. | ढुङ्गा र सिमेन्ट जोडाइको गाह्रो र ढलान | ४०० | |
| ७. | ईटा र सिमेन्ट जोडाइको गाह्रो र ढलान | ४०० | |
| ८. | आर.सी.सी. फ्रेम स्ट्रक्चर र ढलान | ५०० | |
| नोट : घरको क्षेत्रफल यकिन गर्दा प्रत्येक तलाहरूको क्षेत्रफल जोडेर जम्मा क्षेत्रफल निर्धारण गरिने छ। | | | |

**ग. सम्पत्ति कर प्रयोजनका लागि घरको मूल्याङ्कन गर्दा गरिने ह्रास कट्टी :** सम्पत्ति कर लगाउने प्रयोजनका लागि घरको मुल्याङ्कन गर्दा देहायबमोजिम ह्रास कट्टी गरिने छ।

| क्र.सं. | घरको वर्गीकरण/बनोट | प्रति वर्ष ह्रास कट्टी दर प्रतिशत | कैफयत |
|---|---|---|---|
| १. | काठ/जस्ताको बार र जस्ताको छानो | ३ प्रतिशत | |
| २. | ढुङ्गा माटोको गाह्रो र जस्ताको छानो | २ प्रतिशत | |
| ३. | ढुङ्गा र सिमेन्ट जोडाइको गाह्रो र जस्ताको छानो | १.५० प्रतिशत | |
| ४. | इटा र सिमेन्ट जोडाइको गाह्रो र जस्ताको छानो | १.५० प्रतिशत | |
| ५. | ब्लक जोडाइको गाह्रो र जस्ताको छानो | १.५० प्रतिशत | |
| ६. | ढुङ्गा र सिमेन्ट जोडाइको गाह्रो र ढलान | १.२५ प्रतिशत | |
| ७. | इटा र सिमेन्ट जोडाइको गाह्रो र ढलान | १.२५ प्रतिशत | |
| ८. | आर.सी.सी. फ्रेम स्ट्रक्चर र ढलान | १ प्रतिशत | |

**अनुसूची २**

(ऐनको दफा ३ संग सम्बन्धित)

## मालपोत

**१. मालपोत**

**(मालपोतकर संकलनको आधार)**

**क.सडकले छोएको क्षेत्र**

| | | देखि | सम्म | विवरण | दर (न्युनतम देखि प्रति रोपनी) रु. |
|---|---|---|---|---|---|
| १ | खावा डाँडा बजारक्षेत्र वडा नं. ७ | वडा नं. ७ | | मुल सडकले छोएको कित्ता | खावा डाँडा बजारक्षेत्र वडा नं. ७ |
| | बजारक्षेत्र सकिएपछि ( वडा नं. ७) | जेम एकेडेमी छुट्ने सडक ( वडा नं. ६) | मुल सडकले छोएको कित्ता | बजारक्षेत्र सकिएपछि ( वडा नं. ७) | रु. १०० |
| | जेम एकेडेमी छुट्ने सडक ( वडा नं. ६) | अस्तला छुट्ने सडक ( वडा नं. ६) | मुल सडकले छोएको कित्ता | जेम एकेडेमी छुट्ने सडक ( वडा नं. ६) | रु. १००० |
| | अस्तला छुट्ने सडक ( वडा नं. ६) | वडा न ६ को सिमाना | मुल सडकले छोएको कित्ता | अस्तला छुट्ने सडक ( वडा नं. ६) | रु. २०० |
| | वडा न ६ को सिमाना | लिंकन बसपार्क ( वडा नं. ५) | मुल सडकले छोएको कित्ता | वडा न ६ को सिमाना | रु. २००० |
| | खावा डाँडा बजारक्षेत्र वडा नं. ७ | वडा नं. ७ | मुल सडकले छोएको कित्ता | खावा डाँडा बजारक्षेत्र वडा नं. ७ | रु. १००० |
| २ | जिरी खिम्ती सडक | बस पार्क (वडा नं. ५) | खिम्ती खोला (वडा नं. ४) | मुल सडकले छोएको कित्ता | रु.१०० |
| ३ | जिरी माली श्यामा सडक | डम्पिङ साइड (वडा नं. ४) | स्टोन पार्क (वडा नं. १) | मुल सडकले छोएको कित्ता | वडा न.४ मा पर्ने जग्गाको रु ९० |
| | | | | | वडा न.१,२,३ मा पर्ने जग्गाको ७० |
| ४ | खावा डाँडा लहरेमाने सडक | खावा डाँडा (वडा नं. ७) | चिपचिपे छुट्ने सडक (वडा नं. ९) | मुल सडकले छोएको कित्ता | रु ८० |
| | | चिपचिपे छुट्ने सडक(वडा नं. ९) | हाँवाको सिमाना (वडा नं. ९) | मुल सडकले छोएको कित्ता | रु ६० |
| ५ | हाटडाँड पुरानो गाँउ सडक | हाटडाँड (वडा नं. ६) | हाँवाको सिमाना (वडा नं. ९) | मुल सडकले छोएको कित्ता | व्डा न.७ मा पर्ने जग्गाको रु १०० |
| | | | | | वडा न.८र९ मा पर्ने जग्गाको रु ८० |
| ६ | हाटडाँडा बजार क्षेत्र(वडा नं. ६) | | | | रु.९० |
| ७ | हाटडाँडा माथिल्लो सिक्री सडक | | | हाटडाँड (वडा नं. ६) | ठुकडाँडा (वडा नं. ७) |
| ८ | लिडकन सेराकाप्ती सडक | मुल सडक बाट बौध स्तुपा ,झोलुङगे पुल र फ्रेण्डसिपको सभाहल (वडा नं. ५) | मुल सडकले छोएको कित्ता | | रु.२०० |

जिरी नगरपालिका

| | | देखि | सम्म | विवरण | दर (न्युनतम देखि प्रति रोपनी) रु. |
|---|---|---|---|---|---|
| | | झोलुङगे पुल र फ्रेण्डसिपको सभाहल(वडा नं. ५) | आरन डाँडा(वडा नं. ५) | मुल सडकले छोएको कित्ता | रु.११० |

**१ 'क' मा उल्लेखित बाहेकका बाँकी क्षेत्र :**

| क.स. | ठेगाना | जग्गा | |
|---|---|---|---|
| | | क्षेत्र | दर (प्रति रोपनी) रु. |
| १०. | जि न.पा. वडा नं. १ | आवादी/कृषि क्षेत्र | रु २० |
| | | बाँझो/पाखावारी | रु.१५ |
| ११. | जि न.पा. वडा नं. २ | आवादी/कृषि क्षेत्र | रु २० |
| | | बाँझो/पाखावारी | रु.१५ |
| १२. | जि.न.पा. वडा नं. ३ | आवादी/कृषि क्षेत्र | रु २५ |
| | | बाँझो/पाखावारी | रु.२० |
| १३. | जि.न.पा. वडा नं. ४ | आवादी/कृषि क्षेत्र | रु.५० |
| | | बाँझो/पाखावारी | रु.३० |
| १४. | जि .न.पा. वडा नं. ५ | आवादी/कृषि क्षेत्र (जिरी लामोसाघु भन्दा बाहीरी झोलुङ्गे पुल, बौद्ध स्तुपा, फ्रेण्डसिप सभाहल सम्मको कित्ता) | रु.१००० |
| | | आवादी/कृषि क्षेत्र (जिरी झोलुङ्गे पुल देखि आरनडाँडा ढुंगे सम्म) | रु.२०० |
| | | आवादी/कृषि क्षेत्र (आरनडाँडा देखि नाबोक, नारेक, ताक्पा, लोसा सम्म) | रु.१५० |
| | | बाँझो/पाखावारी | रु.८० |
| १५. | जि न.पा. वडा नं. ६ | आवादी/कृषि क्षेत्र | रु.८० |
| | | बाँझो/पाखावारी | रु ६० |
| १६. | जि न.पा. वडा नं. ७ | आवादी/कृषि क्षेत्र | रु.५० |
| | | बाँझो/पाखावारी | रु.३० |
| १७. | जि न.पा. वडा नं. ८ | आवादी/कृषि क्षेत्र | रु.२० |
| | | बाँझो/पाखावारी | रु.१५ |
| १८. | जि न.पा. वडा नं. ९ | आवादी/कृषि क्षेत्र | रु.२० |
| | | बाँझो/पाखावारी | रु.१५ |

**अनुसुचि (३)**
**(ऐनको दफा ५ उपदफा ३ सँग सम्बन्धित)**

**<u>व्यवासाय कर</u>**

## क. व्यवसाय करको विवरण र दर :

जिरी नगरपालिका

| क्र.स. | व्यवसायको विवरण | कर/दस्तुर रु. | | |
|---|---|---|---|---|
| | | दर्ता | नवीकरण | व्यवसाय कर |
| 1. | **चुरोट र रक्सी** | | | |
| | क) डिलर | 2000 | 1000 | 3000 |
| | ख) थोक बिक्रेता | 700 | 500 | १५०० |
| | ग) खुद्रा बिक्रेता | 500 | 250 | १००० |
| 2. | **ज्वेलरी** | | | |
| | क) सबै खाले गहना निर्माण तथा विक्री गर्ने | 100 | 500 | २००० |
| 3. | **कम्प्युटर, क्यामेरा, टेलिभिजन, रेडियो, मोबाइल, विद्युतीय सामान लगायतका इलेक्ट्रोनिक्स र इलेक्ट्रिकल सामग्री** | | | |
| | क) डिलर | 2000 | 1000 | ३००० |
| | ख) थोक बिक्रेता | 1000 | 500 | २००० |
| | ग) खुद्रा बिक्रेता | 750 | 350 | १५०० |
| 4. | **निर्माण सामाग्री सप्लायर्स तथा हर्डवयर पसल** | | | |
| | क) डिलर | 5000 | 2000 | १०००० |
| | ख) थोक | 3500 | 2000 | ७००० |
| | ग) खुद्रा | 2500 | 1000 | ५००० |
| 5. | **फर्निचर तथा फर्निसिङ सामग्री** | | | |
| | क) डिलर | 6000 | 2500 | १०००० |
| | ख) थोक बिक्रेता | 3000 | 1500 | ५५०० |
| | ग) खुद्रा बिक्रेता | 2000 | 1000 | ४००० |
| 6. | **पेट्रोलियम पदार्थ (पेट्रोल, डिजल, मट्टितेल र ग्यास)** | | | |
| | क) डिपो/डिलर/पेट्रोल पम्प | 1000 | 500 | २००० |
| 7. | **पेन्टर/रङ्ग** | | | |
| | क) डिलर | 3000 | 1500 | २५०० |
| | ख) थोक बिक्रेता | 2000 | 1000 | २००० |
| | ग) खुद्रा बिक्रेता | 1000 | 500 | १५०० |
| 8. | **दैनिक उपभोगका खाद्य पदार्थ (तरकारी, फलफुल, जुस र कोक फ्यान्टा, .......... समेत)** | | | |
| | क) डिलर | 3000 | 1000 | २५०० |
| | ख) थोक बिक्रेता | 2500 | 800 | २००० |

| क्र.स. | व्यवसायको विवरण | कर/दस्तुर रु. | | |
|---|---|---|---|---|
| | | दर्ता | नवीकरण | व्यवसाय कर |
| | ग) खुद्रा बिक्रेता | 1000 | 500 | १५०० |
| 9. | बेकरी | 500 | 250 | १००० |
| 10. | माछा/मासु | 500 | 250 | १००० |
| 11. | **कपडा, फेन्सी, कस्मेटीक र जुत्ता आदि :** | | | |
| | क) थोक बिक्रेता | 800 | 500 | २००० |
| | ख) खुद्रा बिक्रेता | 500 | 250 | १००० |
| 12. | **सवारी साधनको व्यापार र मर्मत** | | | |
| | क) मोटर साइकल, स्कुटर, हाते टयाक्टर (पार्टस् समेत) | 1000 | 500 | २००० |
| | ख) हल्का र हेभी (पार्टस् समेत) | 800 | 250 | १००० |
| 13. | **परामर्श तथा अन्य व्यवसायीक सेवा** ( घर नक्सा बनाउने तथा लेखा परीक्षण कानूनी लगायतका व्यवसायिक सेवाहरु) | 2500 | 1500 | |
| 14. | **निर्माण व्यवसाय** | | | |
| | घ) "घ" वर्गको (अन्य स्थानीय तहबाट इजाजत लिएको हकमामात्र व्यवसाय दर्ता कर लाग्ने भीमेश्वर नगरपालिकाबाट इजाजत लिएकोमा व्यवसाय दर्ता कर नलाग्ने) | 10000 | 5000 | २००० |
| 15. | **उत्पादन मूलक उद्योग** (कोरा माल वा अर्ध प्रशोधित माल वा खेर गईरहेको माल सामानको वा अन्य माल सामान प्रयोग वा प्रशोधन गरी माल सामान उत्पादन गर्ने उद्योग) | 5000 | 2500 | २००० |
| 16. | **उर्जा मूलक उद्योग** | | | |
| | क) जललिद्युत आयोजना; ५०० किलोवाटसम्म | 10000 | 7000 | ३००० |
| | ख) जललिद्युत आयोजना; ५०१ किलोवाटदेखि १ मेगावाटसम्म | 15000 | 10000 | ५००० |
| 17. | **वन्यजन्य उद्योग** | | | |
| | क) वन पैदावारमा आधारित उद्योग (अल्लो, नेपाली कागज, कपास, खोटो लगायत) | 5000 | 2000 | २००० |
| 18. | **आवास, मोटेल, होटेल, रेष्टुरा, रिसोर्ट आदि,** | | | |
| | क) ५ वटासम्म कोठा भएको | 1000 | 500 | २००० |
| | ख) ५ वटा देखि १० वटासम्म कोठा भएका | 1500 | 1000 | २५०० |
| | ग) सामान्य बास सहितको चिया खाजा होटल | 300 | 150 | ५०० |
| 19. | **सेवा उद्योग** | | | |
| | क) छापाखाना | 1000 | 500 | १००० |
| | ख) सार्वजनिक परिवहन (यातायात व्यवसाय सञ्चालन तथा ढुवानी | 1000 | 500 | १००० |
| | ग) ब्यूटी पार्लर केश सिंगार डाई किलनर्स, सिलाई, शैलुन आदि | 500 | 250 | १००० |
| | घ) डेरी उद्योग | 500 | 250 | १००० |
| | ङ) कम्प्युटर टाइपिङ्ग, फोटोकपि आदि | 500 | 200 | १००० |
| | च) भाषा प्रशिक्षण कोचिङ | 5000 | 2000 | ३००० |

| क्र.स. | व्यवसायको विवरण | कर/दस्तुर रु. | | व्यवसाय कर |
|---|---|---|---|---|
| | | दर्ता | नवीकरण | |
| 20. | **संचार सेवा** | | | |
| | क) मिडिया हाउस, रेडियो र एफ.एम. रेडियो | 10000 | 5000 | २००० |
| | ख) निजी क्षेत्रका टेलिफोन, फ्याक्स, फोटोकपी, STD, ISTD इमेल, इन्टरनेट, पेजिङ, साइवर आदि | 1000 | 250 | ५०० |
| 21. | **वित्तिय सेवा** (नेपाल सरकारको पुर्ण र अधिकांश स्वामित्व रहेको बाहेक) | | | |
| | क) विकास बैंक | 10000 | 3000 | ५००० |
| | ख) वित्तिय कम्पनी | 10000 | 3000 | ५००० |
| | ग) वीमा कम्पनी | 10000 | 3000 | ५००० |
| | घ) लघुवित्त कम्पनी | 5000 | 3000 | २००० |
| | ङ) सहकारी संस्था | 5000 | 3000 | २००० |
| | च) अन्य वित्तिय कारोबार गर्ने संघ/संस्था | 5000 | 3000 | २००० |
| 22. | **स्वास्थ्य सेवा** | | | |
| | क) निजी क्षेत्रको अस्पताल/नर्सिङ्ग होम | | | |
| | ख) पोली क्लिनिक | | | |
| | ग) क्लिनिक (डेन्टल क्लिनिक समेत) | 1000 | 500 | २००० |
| | घ) औषधी पसल | 1000 | 500 | २००० |
| 23. | **शिक्षा सेवा** | | | |
| | क) नीजि विद्यालय | 5000 | 2000 | ३००० |
| 24. | **अन्य व्यवसाय** | | | |
| | क) साइन बोर्ड बनाउने, फ्लेक्स तयारी र पेन्टिङ्ग सेवा | ५०० | 200 | 1000 |
| | ख) भाँडाकुँडा बिक्रेता | 1000 | 500 | २००० |
| | ग) मिल/कुटानी पिसानी | 300 | 150 | ५०० |
| | ग) ग्रील उद्योग कारखाना | 2500 | 1250 | ५००० |
| | घ) कृषीसँग सम्बन्धित व्यवसाय पसल | 1000 | 250 | ५०० |
| 25. | **स्टेस्नरी** | | | |
| | क) थोक | 1000 | 500 | २००० |
| | ख) खुद्रा | 500 | 250 | १००० |
| 26. | कवाडि पसल/सङ्कलन | 1000 | 500 | १००० |
| 27. | पशु औषधी पसल तथा पशु उपचार | 1000 | 250 | ५०० |
| 28. | **कृषि तथा पशुपाला व्यवसाय :** | | | |
| | क) रु. १ देखि तीन लाखसम्म पुंजी | 500 | 250 | ५०० |
| | ख) रु. तीन लाख १ देखि दश लाखसम्म पुंजी | 750 | 500 | ८०० |
| | ग) दश लाखभन्दा माथि पुंजी | 1000 | 750 | ८०० |

| क्र.स. | व्यवसायको विवरण | कर/दस्तुर रु. | | |
|---|---|---|---|---|
| | | दर्ता | नवीकरण | व्यवसाय कर |
| 29. | एउटै व्यक्तिले डिलर, थोक र खुद्रा व्यवसाय सञ्चालन गरेमा थोक व्यवसायको कर लाग्ने छ। | | | |
| 30. | एउटै व्यवसायबाट एक भन्दा बढी वस्तु तथा सेवाको कारोबार गरेमा जुन वस्तु वा सेवाको व्यवासाय कर बढी छ सोही कर असुल गर्नुपर्ने छ। | | | |
| 31. | विगत आर्थिक बर्षहरुमा व्यवसायले भुक्तानी गर्नु पर्ने व्यवसाय कर आर्थिक वर्ष २०७६/०७७ मा भुक्तानी गरि व्यवसाय करको दायरामा आएमा अन्तिम पटकका लागि गत आर्थिक वर्षहरुको व्यवसाय कर रकममा ५०% छुट र विलम्ब शुल्कमा पूर्ण छुट दिइनेछ। | | | |
| 32. | आर्थिक वर्ष २०७६/०७७ को व्यवसाय कर कार्तिक मसान्त भित्र भुक्तानी गरेमा १० प्रतिशत छुट र पुष मसान्त भित्र गरेमा ५ प्रतिशत छुट दिइनेछ। | | | |
| 33. | आर्थिक वर्ष २०७६/०७७ भित्र व्यवसाय कर असुल नभई पछिल्ला आर्थिक वर्षहरुमा असुल गर्दा प्रत्येक आर्थिक वर्षका लागि २५ प्रतिशतले थप विलम्ब बुल्क सहित असुल गरिनेछ। | | | |

**अनुसूची (४)**

**(ऐनको दफा ६ सँग सम्बन्धित)**

**जडिबुटी, कवाडी, जीवजन्तु करको दर**

### जडिबुटी, वनकस

| क्र.सं. | विवरण | इकाई | दर | कैफियत |
|---|---|---|---|---|
| १ | सुनपाती | केजी | १.५० | |
| ३ | मजिटो | केजी | १.५० | |
| ५ | ओखरफलको बोक्रा | केजी | १.५० | |
| ८ | चिराइतो | केजी | २ | |
| ९ | चुत्रोको बोक्रा | केजी | ०.५० | |
| १२ | अल्लो | केजी | १.२५ | |
| १३ | झ्याउ | केजी | ५ | |
| १४ | अर्गेली | केजी | २.५० | |
| १७ | लोक्ता | केजी | ५.५० | |
| १८ | ठिंग्रे सल्लाको सिम्टा | केजी | २० | |
| २२ | धसिंगरे तेल | केजी | २० | |
| २६ | तेजपात | केजी | ०.१५ | |
| २७ | गाव्रे सल्लको सिम्टा खोल्मे | केजी | ०.२५ | |
| ३० | गाव्रे सल्लाको पातको तेल | केजी | ३० | |
| ३२ | धुपीपात | केजी | १.५० | |
| ३७ | सुनपाती तेल | केजी | ५५ | |

| | | | | |
|---|---|---|---|---|
| ३८ | साधारण च्याउ | केजी | २.५० | |
| ४० | नेपाली कागज | कोरी | ६ | |
| ४१ | सल्लो/उत्तीस र अन्य बरामदी काठ (गोलीया) | क्यू.फि. | ५ | |
| ४२ | सल्लो/उत्तीस र अन्य बरामदी काठ (चिरान) | क्यू.फि. | ५.५ | |
| ४७ | दाउरा (ट्याक्टर) | ट्रिप | २०० | |
| ४८ | दाउरा (मिनीट्रक) | ट्रिप | २५० | |
| ४९ | दाउरा (ट्रक)) | ट्रिप | ४०० | |
| ५० | काठको भुस (ट्याक्टर) | ट्रिप | २५ | |
| ५१ | काठको भुस (मिनीट्रक) | ट्रिप | ५० | |
| ५२ | काठको भुस (भ्यान/ट्रक)) | ट्रिप | १०० | |
| ५३ | बाँस | गोटा | २ | |
| ६५ | लोठसल्लाको पात | केजी | ५ | |

**ख. सबै प्रकारका कवाडी सामान संकलन गरि लैजाने व्यक्ति फर्म वा कम्पनिलाई लाग्ने कर :**

| क्र.सं. | विवरण | इकाई | दर | कैफियत |
|---|---|---|---|---|
| १ | ट्याक्टर | ट्रिप | ५०० | |
| २ | मिनीट्रक | ट्रिप | ८०० | |
| ३ | ट्रक | ट्रिप | १२०० | |
| ४ | ठुलो भ्यान | ट्रिप | १५०० | |

**अनुसूची (५)**

(ऐनको दफा ७ संग सम्बन्धित)

## विज्ञापन करको दर

| विज्ञापन सामग्रीको किसिम | करको दर रु | कैफियत |
|---|---|---|
| सडक छेउमा व्यावसायिक प्रयोजनको लागि राखिएको होर्डिङ्गबोर्ड प्रति बर्गफिट | २५ | |
| भित्तेलेखन व्यक्तिगत वा सार्वजनिक भवन वा कम्पाउण्ड आदिमा प्रति बर्गफिट | २० | |
| ग्लो साइन बोर्ड, डिपिएस बोर्ड प्रति वर्ग फिट | २० | |

| | | |
|---|---|---|
| तुल व्यानर बढीमा एक महिनाको लागि प्रतिवर्ग फिट | १० | |
| होडिङ बोर्ड, साईन बोर्ड, ग्लो बोर्ड, डिजिटल बोर्ड, धातुको फ्रेम वा अन्य बोर्ड नगरपालिकाले तोकेको स्थानमा मात्र राख्न पाइनेछ । | | |
| ब्यानर पूर्ण स्वीकृति लिएर मात्र राख्न पाइनेछ। अवधि सकिएपछि सम्बन्धित पक्षले ब्यानर हटाउनु पर्नेछ ब्यानर नहटाएमा नगरपालिकाले हटाई सो वापत्को खर्च समेत असुल गरिनेछ। | | |
| सुर्ती र मदिराजन्य बस्तुको विज्ञापन गर्न होडिङ बोर्ड, साइन बोर्ड, ग्लो बोर्ड वा ब्यान आदि राख्न पाइने छैन। यस्तो विज्ञापन राखेमा रु.५०,०००।- सम्म जरिवाना गरि हटाउने लगाइनेछ। साथै यस्तो विज्ञापन नहटाएमा नगरपालिकाले हटाई सो वापत्को खर्च समेत असुल गरिनेछ। | | |
| आ.व. सुरु भएको १ महिना भित्र विज्ञापन कर चुक्ता गरी नविकरण गर्नु पर्नेछ। | | |

**अनुसूची (६)**

(ऐनको दफा ८ को उपदफा २ संग सम्बन्धित)

## बहाल बिटौरी शुल्कको दर

| क्र.सं | विवरण | वहाल विटौरी शुल्कको दर | कैफियत |
|---|---|---|---|
| १ | काठको टहरा | नगरकार्यपालिकाले तोके बमोजिम | |
| २ | हाट बजार पसल | नगरकार्यपालिकाले तोके बमोजिम | |
| ३ | जिरी बसपार्क घुम्ती टहरा<br>क) समुह<br>ख) समुह<br>ग) समुह | प्रति वर्ग मिटर<br>रु ५०<br>रु ३०<br>रु २० | |

नगरपालिकाको स्वामित्वमा रहेको जग्गामा व्यक्तिले बनाएको संरचना वा न. पा. आफैले निर्माण गरेको व्यापारिक भवन ठेक्कामा लगाउन सकिनेछ। यस्तो संरचनामा लाग्ने मासिक शुल्क ठेक्का सम्झौतानुसार हुनेछ।

**अनुसूची (७)**

**(ऐनको दफा ९ को उपदफा ४ सँग सम्बन्धित)**

**सेवा, शुल्क, दस्तुर**

**१. आयश्रोत मुल्याङकन सिफारिस शुल्क**

| सि.नं. | विवरण | मुल्यांकन सेवा शुल्क दर | कैफियत |
|---|---|---|---|
| १. | आयश्रोतको कुल रकमको आधारमा | ०.२% | |

जिरी नगरपालिका

**नोट :** बैदेशिक अध्ययन प्रयोजनको लागि आयश्रोत प्रमाणित गर्न माग भै आएमा आयश्रोत मुल्यांकन दस्तुर न्युनतम रु पाँच हजार लिईनेछ । उक्त प्रयोजनको लीगि मुल्यांकन गरिने आयश्रोत जे जति भएपनि मुल्यांकन दस्तुर २० हजार भन्दा बढि लिईने छैन ।

## २. सम्पत्ती मूल्याँकन सिफारिस शुल्क

क सम्पत्ती मूल्याँकन सिफारिस शुल्क प्रति हजार ५० पैसाका दरले लिईने छ

ख. घर जग्गाको मुल्याङकन सम्पत्तिकर प्रयोजनको लागि पेश गरे बमोजिम गरिने छ ।

ग. भौतिक सरचनाको मुल्याङकन वा सिफारिस सम्बन्धमा नक्सा पास प्रमाण पत्र वा नक्सा पास दस्तुर बुझाएको निस्सा अनिवार्य पेश गर्नुपर्नेछ ।

## ३. व्यक्तिगत घट्ना दर्ता दस्तुर :-

| सि.नं. | विवरण | दस्तुर | कैफियत |
|---|---|---|---|
| १. | ३५ दिन भित्रको घटना दर्तामा | दस्तुर निःशुल्क | |
| २. | त्यसपछिको घटना दर्तामा प्रति घटना | रु ५० | |

## ४. सिफारिस दस्तुर

| सि. नं. | विवरण | सिफारिस दस्तुर | कैफियत |
|---|---|---|---|
| १ | नागरिकता | १०० | |
| २ | नागरिकता प्रतिलिपि सिफारिश | २०० | |
| ३ | अङ्गिकृत नागरिकता सिफारिश | १००० | |
| ४ | अन्य मुलुक जाने सिफारिस | १००० | |
| ५ | नाम/जन्ममिति संशोधन/एउटै भएको सिफारिस | १०० | |
| ६ | विद्युत तथा धारा जडान सिफारिस | २०० | |
| ७ | विद्युत/धारा नामसारी सिफारिस | २०० | |
| ८ | २५ कि.वा क्षमता सम्मको विद्युत लाइन जडान | १००० | |
| ९ | ५० कि.वा क्षमता सम्मको विद्युत जाइन जडान | २००० | |
| १० | १०० कि.वा क्षमता सम्मको विद्युत जाइन जडान | ३००० | |
| ११ | व्यवसाय दर्ता सिफारिस | | |
| | क) रु १ देखि ५ लाख सम्मको पुँजि भएको | ५०० | |
| | ख) रु ५ लाख देखि १० लाख सम्मको पुँजि भएको | १००० | |
| | ग)रु १० लाख देखि २० लाख सम्मको | १५०० | |
| | घ) व्यवसाय ठाउँसारी/नामसारी सिफारिश | ३०० | |

| | | | |
|---|---|---|---|
| | ङ) ब्यापार व्यवसाय नभएको/संचालन नभएको सिफारिश | २०० | |
| १२ | उधोग दर्ता | | |
| | क) १० हर्ष पावर सम्मको | १००० | |
| | ख) १०-२० हर्ष पावर सम्मको | १५०० | |
| | ग) २०-५० हर्ष पावर सम्मको | २००० | |
| | घ) ५० हर्ष पावर भन्दा माथिको | ३००० | |
| | ङ) उद्योग ठाउँसारी/नामसारी | १००० | |
| | चौपाया सम्बन्धि सिफारिश | २०० | |
| | आन्तरीक बसाई सराई सिफारिश | १०० | |
| | ब्यक्तिगत विवरण सिफारिश | २०० | |
| | संरक्षक (ब्यक्तिगत/संस्थागत) सिफारिश | २०० | |
| १३ | नेपाल सरकारको नाममा बाटो कायम सिफारिश (साविकको बाटोमा) | ५०० | |
| १४ | नक्सापास नामसारी सिफारिस नक्सापास रकमको २० प्रतिशत | □ | |
| १५ | पक्की घर निर्माणको लागि काठपात ल्याउने सिफारिस | १००० | |
| १६ | कच्ची घर बनाउनको लागि काठपात ल्याउने सिफारिस | ५०० | |
| १७ | संस्था दर्ता सिफारिश | ५०० | |
| १८ | सहकारी संस्था दर्ता सिफारिस | १००० | |
| १९ | **विद्यालय/शिक्षा सम्बन्धि** | | |
| | विद्यालय सञ्चालन स्वीकृति | १०००० | |
| | व्यवसायिक तथा प्राविधिक तालिम केन्द्र सञ्चालन | १०००० | |
| | कक्षा वृद्धि सिफारिस निजी | ३००० | |
| | कोचिङ/ट्युसन कक्षा सञ्चालन | २००० | |
| | विद्यालय ठाउँसारी | १००० | |
| २० | दलित जनजाती सिफारिश | १०० | |
| २१ | निशुल्क स्वास्थ्य उपचार/ अपाङ्ग सिफारिश | निशुल्क | |
| २२ | जिवित रहेको सिफारिश | २०० | |
| २३ | चारित्रिक सिफारिश/छात्रवृति सिफारिश | २०० | |
| २४ | जग्गा धनिदर्ता प्रमाण-पूर्जाको प्रतिलिपि सिफारिश/,पुर्जामा घर कायम गर्ने सिफारिश | २०० | |

| | | | |
|---|---|---|---|
| २५ | घर/कोठा खोल्ने | ५०० | |
| २६ | उजुरी मिलापत्र लिखित जवाफ दायरी | १०० | |
| २७ | रुख कटान प्रतिगोटा | ५० | |
| २८ | जन्म मिति, विवाह, घरपाताल, कागज मञ्जुरीनामा, हकवालाका हकदार, अविवाहित, प्रमाणित | २०० | |
| २९ | **जग्गा सम्बन्धि सिफारिस** | | |
| | **घरबाटो प्रमाणित प्रतिकित्ता** | | |
| | लामुसाँघु जिरी सडकसँग जोडिएका जग्गा (अंसबन्डा/बेचविखन भएमा | ५००/१००० | |
| | कच्ची ग्रावेल जिल्ला सडकसँग जोडिएका जग्गा अंसबन्डा/बेचविखन भएमा | ४००/५०० | |
| | ग्रामिण सडकसँग जोडिएका जग्गा तथा अन्य जग्गाहरु | २००/३०० | |
| | | | |
| | चार किल्ला प्रमाणित | | |
| | क) वित्तिय कारोबार प्रति कित्ता | ५०० | |
| | ख) अन्य प्रयोजनको लागि | ३०० | |
| | जग्गा नामसारी सिफारिस | ५०० | |
| | छुट्ट जग्गा नामसारी / दर्ता सिफारिश | ५०० | |
| | सर्जमिन सहित जग्गा नामसारी / दर्ता सिफारिश | १००० | |
| | जग्गा धनि प्रतिलिपि सिफारिस | ५०० | |
| | जग्गाधनी प्रमाण पुर्जामा फोटो टाँस सिफारिस | ५०० | |
| | हकबन्दी फुकुवा | २००० | |
| ३० | स्थलगत सर्जमिन सबै | ५०० | |
| ३१ | फरक-फरक नाम थर | ५०० | |
| ३२ | हकदार सिफारिस | ५०० | |
| ३३ | तिन पुस्ते सिफारिस | ५०० | |
| ३४ | नाता प्रमाणित | ३०० | |
| ३५ | कृषि फर्म दर्ता | ५०० | |
| ३६ | खानेपानी मुहान दर्ता सिफारिस | १००० | |
| ३७ | खानेपानी/सिंचाई नविकरण | ५०० | |
| ३८ | योजना तथा आयोजनाहरु दातृ नियकायहरुसँग माग सिफारिस | १००० | |
| ३९ | लघु जलविद्युत आयोजना १ मेघावट भन्दा कमको सर्वेक्षण अनुमति सिफारिस | ५००० | |
| ४० | लघु जलविद्युत आयोजना १ मेघावट भन्दा माथि १० मेघावाट सम्मको सर्वेक्षण अनुमति सिफारिस | १०,००० | |
| ४१ | जलविद्युत आयोजना १० मेघावट भन्दा माथि सर्वेक्षण अनुमति सिफारिस | ५०,००० | |
| ४२ | टेण्डर फाराम/ दरभाउ पत्र विक्री | सूचनामा तोके अनुसार | |
| ४३ | अन्य सिफारिस शुल्क | १५० | |
| ४४ | घर अन्तिम निरीक्षण सिफारिस (पुनःनिर्माण) | ५०० | |

७. फोहरमैला व्यवस्थापन सेवा शुल्क (मासिक) निम्नानुसार लगाईने छ :

| **क.स.** | **विवरण** | सेवा शुल्क दर रु | **कैफियत** |
|---|---|---|---|
| **१** | आवासीय घर पक्की<br>आवसीय घर कच्ची | २००<br>५० | |
| **२** | क) व्यवसायिक घर कच्ची<br>थप प्रति पसल/सटर<br>ख) व्यवसायिक घर पक्की<br>थप प्रति पसल/सटर (किनारा, लुगा, औषधी, फलफुल तरकारी तथा अन्य)<br>सामान्य प्रकृतिका चिया खाजा सटर | ५०<br>५०<br>२००<br>१००<br>१५० | |
| | ठुला प्रकृतिका होटल लज नीजि घर | ५०० | |
| | ठुला प्रकृतिका होटल लज घरमा घरधनी समेत छुट्टै बसे (घरधनीको) | २०० | |
| **३** | हस्पिटल | १५०० | |
| **४** | अन्य संघ संस्था | ५०० | |
| **५** | निजी विद्यालय | १००० | |
| **६** | मेला, महोत्सव लगायतका कार्यक्रम (एक पटकको) | २००० | |
| **७** | उद्योगहरु तथा बधशाला | ५०० | |
| **८** | निर्माणाधिन भवन (एकमुष्ठ) | ५०० | |
| **९** | बसपार्कमा पार्किङ्ग गर्ने सार्वजनिक बस तथा माइकोबसलाई (दैनिक) | १० | |

अनुसूची (८)

दफा १० को उपदफा (३) सँग सम्बन्धित)

**विक्री शुल्क दस्तुरको दर**

| **क. सं.** | **विक्री हुने बस्तु** | **शुल्क दस्तुर (रकम रु)** | **कैफियत** |
|---|---|---|---|
| १. | प्राकृतिक एवं खानीजन्य वस्तुहरुको विक्री प्रति घनफीट : | | |
| | क) ढुंगा | २ | |

| | | | |
|---|---|---|---|
| | ख) गिट्टी | २ | |
| | ग) बालुवा | २ | |
| | घ) माटो | ५० पैसा | |
| | ङ) काठ | | |
| | १) चिरान | ३.५० | |
| | २) गोलिया | ३ | |

## अनुसूची (९)

(ऐनको दफा ११ सँग सम्बन्धित)

### १. नक्सापास दस्तुर

#### (क) आवसिय भवन

| सि.नं. | भवनको प्रकार | वेसमेन्ट तला प्रति वर्ग फुट रु. | भूईं तल्ला (प्रति वर्ग फिट) रु. | पहिलो तल्ला (प्रति वर्ग फिट) रु. | दोश्रो तला (प्रति वर्ग फिट) रु. | तेस्रो तला र सो भन्दा माथि (प्रति वर्ग फिट) रु. |
|---|---|---|---|---|---|---|
| | | ०७६/०७७ | ०७६/०७७ | ०७६/०७७ | ०७६/०७७ | ०७६/०७७ |
| १. | आर.सि.सि. पिल्लर भएको । | ४।- | ५।- | ६।- | ७।- | ८।- |
| २. | ढुङ्गा वा इंट्टा वा ब्लकमा सिमेन्ट बालुवाको गारो - आर. सि. सि. को छाना भएको । | - | ४।- | ५।- | ६।- | - |
| ३. | सिमेन्टको जोडाइमा ढुङ्गा वा इंट्टा वा ब्लकको गारो - जस्ता वा टाएलको छाना भएको । | - | ३।- | ४।- | - | - |
| ४. | पटाहाको घेराबेरा लगाएतका कच्ची भवन । | - | १।- | १।- | - | - |

#### (ख) व्यापारिक भवन

| सि.नं. | भवनको प्रकार | वेसमेन्ट तला(प्रति वर्ग फिट) रु. | भूईं तल्ला (प्रति वर्ग फिट) रु. | पहिलो तल्ला (प्रति वर्ग फिट) रु. | दोश्रो तला (प्रति वर्ग फिट) रु. | तेस्रो तला र सो भन्दा माथि (प्रति वर्ग फिट)रु. |
|---|---|---|---|---|---|---|
| १. | आर.सि.सि. पिल्लर भएको । | ६।- | ७।- | ८।- | ९।- | १०।- |
| २. | ढुङ्गा वा इंट्टा वा ब्लकमा सिमेन्ट बालुवाको गारो - आर. सि. सि. को छाना भएको । | - | ६।- | ७।- | ८।- | - |
| ४. | सिमेन्टको जोडाइमा ढुङ्गा वा इंट्टा वा ब्लकको गारो - जस्ता वा टाएलको छाना भएको । | - | ४।- | ५।- | - | - |

#### (ग) दण्ड जरिवाना

नक्सा पास विना भबन निर्माण गरेमा निम्न उपर दण्ड जरिवाना लाग्ने छ, तर मापदण्ड बिपरित बनेको/ बन्ने घरहरुको हकमा नक्सा पास हुने छैन ।

| सि. नं. | विवरण | प्रस्तावित लाग्ने जरिवानाको दर | कैफियत |
|---|---|---|---|
| १ | जगको कार्य सम्पन्न | नक्सापास दस्तुरको २५% | |
| २ | डि.पि.सि.को कार्य सम्पन्न | नक्सापास दस्तुरको ३५% | |
| ३ | गाह्रो लगाउने कार्य सम्पन्न | नक्सापास दस्तुरको ३५% | |

| | | | |
|---|---|---|---|
| ४ | ढलानको कार्य सम्पन्न | नक्सापास दस्तुरको ७५% | |
| ५ | निर्माण कार्य सम्पन्न | नक्सापास दस्तुरको १००% | |

नोट :- उल्लेखित जरिवाना निर्माण भएको तल्लाको आधारमा लिइनेछ ।

**(घ) भवन तला थपमा**

| सि. नं. | विवरण | ०७६/०७७ | कैफियत |
|---|---|---|---|
| १. | गाह्रो लगाउने कार्य सम्पन्न | नक्सापास दस्तुरको ५०% | |
| २. | पहिलो ढलानको कार्य सम्पन्न | नक्सापास दस्तुरको ७५% | |
| ३. | दोस्रो ढलानको कार्य सम्पन्न | नक्सापास दस्तुरको १००% | |

**पुनश्च :** माथि उल्लेख भएको कर तथा गैर कर राजश्व थप घट गर्नु परे तथा उल्लेख नभएको हकमा राजश्व परापर्श समितिको सिफारिसमा नगर कार्यपालिकाको बैठकबाट निर्णय गरी कर तथा दस्तुर निर्धारण गरिने छ ।

जिरी नगरपालिका